# स्थानीय राजपत्र

स्थानीय सरकार विदुर नगरपालिका, विदुर, नुवाकोट, बागमती प्रदेश, नेपालद्वारा प्रकाशित

वर्ष ४, संख्या १ | २०७७ बैशाख १८ गते | विक्री मुल्य रु. ०।००


## भाग २

स्थानीय सरकार

## विदुर नगरपालिका

विदुर, नुवाकोट

बागमती प्रदेश, नेपाल

*नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०७७।०१।१८*

# विदुर नगरपालिका कृषि उपयोग तथा अनुदान कार्यविधि, २०७७

## विदुर नगरपालिका कृषि उपयोग तथा अनुदान कार्यविधि, २०७७

**प्रस्तावना :**

संसार भर महामारिको रुपमा फैलिएको कोभिड १९ (कोरोनाभाइरस) काकारण नेपाल समेतलाई प्रभावित पारेको वर्तमान अवस्थामा सोबाट सृजना भएको आर्थिक एवं खाद्य संकटबाट विदुर नगरपालिका समेतमा पर्न गएको असरवाट नगर वासीहरुलाई वचाउन आर्थिक आयआर्जन गर्न एवं खाद्य संकटवाट जोगाउन कृषि क्षेत्रलाई प्रवर्धन गर्न आवश्यक भएको र लामो समय देखि धेरै कृषि योग्य जमिनहरु वाँझै रहि रहेको अवस्थामा सो वाँझो जमिनहरुमा कृषिजन्य उत्पादन गर्न स्थानिय कृषकहरुलाई उत्प्रेरित गर्न गराउन कृषि उपयोग तथा अनुदान कार्यक्रम संचालन गरी कृषि उत्पादनलाई वृद्धि गरी स्थानिय आवस्यकता परिपुर्ति गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ 'ण' माभएको व्यवस्थालाई कार्यान्वयन गर्न दफा १०२ को उपदफा २ को अधिकार प्रयोग गरी विदुर नगरपालिकाले यो कार्यविधि वनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नाम **"विदुर नगरपालिका कृषि उपयोग तथा अनुदान सम्वन्धी कार्यविधि, २०७७"** रहनेछ ।

ख) "प्रारम्भ": यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भै राजपत्रमा प्रकाशित भएको मितिबाट लागू हुनेछ ।

**२. परिभाषा र व्याख्याः**

(क) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

(ख) "उत्पादक" भन्नाले कृषि वस्तु उत्पादन गर्ने कृषक वा कम्पनी वा कृषि फार्म वा सहकारी उत्पादक सम्झनु पर्छ ।

(ग) "एजेन्ट" भन्नाले कृषि उद्यमी, व्यवसायी, कृषि बजार वा कृषिजन्य वस्तुहरूको कारोबार गर्ने दर्तावाला व्यक्ति सम्झनु पर्छ र सो शव्दले सँगठित संस्थाको प्रतिनिधिलाई समेत जनाउँछ ।

(घ) "कार्यपालिका" भन्नाले विदुर नगर कार्यपालिका सम्झनुपर्छ ।

(च) "कृषक" भन्नाले यस कार्यविधिको प्रयोजनका लागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा कृषि खेती गर्ने कृषक, कृषक समूह, कृषि व्यवसायी, कृषि फर्म र कृषि सहकारी समेतलाई सम्झनु पर्छ।

(छ) "कृषि" भन्नाले अनुसूची (१) मा उल्लेख भए बमोजिमका बिषयसँग सम्वन्धित कृषिलाई सम्झनु पर्दछ र सो शव्दले व्यावसायिक कृषिलाई समेत जनाउँछ।

(ज) "कृषि फार्म" भन्नाले व्यवसायिक प्रयोजनको लागि कृषि बाली उत्पादनका लागि सञ्चालन गरिएको कृषि फार्म सम्झनु पर्छ।

(झ) "कृषि बजार" भन्नाले कृषि उपजको ग्रेडिङ, प्याकेजिङ्ग, ढुवानी, भण्डारण, वितरण तथा कृषि उपजको बिक्री वितरण गर्ने कृषि बजार सम्झनु पर्छ।

(ञ) "कृषि वस्तु" भन्नाले कृषकले कुनै बोट विरुवा वा जीवजन्तुबाट उत्पादन गरेको उपभोग्य कृषि वस्तु सम्झनु पर्छ।

(ड) "अनुदान" भन्नाले समाजका विभिन्न क्षेत्रका विकासको लागि नगरपालिकाबाट कुनै व्यक्ति वा संस्थालाई प्रदान गरिने संस्थागत अनुदान, कार्यक्रम अनुदान र पुँजीगत अनुदान समेतलाई जनाउनेछ।

(ण) "नगरपालिका" भन्नाले विदुर नगरपालिका सम्झनु पर्छ।

(त) "प्रमुख प्रशासकीय अधिकृत"भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(थ) "बिक्रेता" भन्नाले कृषि वस्तुहरू बिक्री गर्ने व्यापारी, कृषक, कृषक समूह, कृषि फार्म, सहकारी संस्था, कम्पनी वा एजेन्ट बिक्रेता समेतलाई सम्झनु पर्छ।

(न) "वडा" भन्नाले नगरपालिकाको वडा सम्झनुपर्छ।

## परिच्छेद २

## कार्यविधिको उद्धेश्य

२. प्रस्तुत कार्यविधिको उद्धेश्य देहाय वमोजिम हुनेछ।

(२.१) विश्वभरि फैलिएको कोरोना भाइरस (कोभिड १९) को कारण नेपाल समेत प्रभावित भएको र सो का कारण आगामी वर्ष विश्वभर आर्थिक एवं खाद्य

संकट हुने संभावना भएकोले सो वाट विदुरनगरपालिका समेत अछुत रहन नसक्ने हुदा सो संकटलाई न्युनिकरण गरी स्थानिय जनताहरुलाई आत्मनिर्भर वनाउन कृषिको प्रवर्धन गरी उत्पादकत्व वढाउन प्रेरित गर्ने ।

(२.२) विदुर नगरपालिका भित्र रहेका कृषि योग्य जमिनको लगत संकलन गरी सो जमिनहरुको उपयोग गरी अन्न वालि, तरकारी एवं फलफुल खेती गरि उत्पादकत्व बढाउन प्रोत्साहन गर्ने ।

(२.३) विदुर नगरपालिका भित्र रहेका वाझो जमिनलाई खनजोत गरी कृषि सम्वन्धी कार्य गर्न प्रोत्साहित गर्दै कृषि योग्य जमिनलाई वाझो रहन नदिने अभियान संचालन गर्ने गराउने एवं सो अभियान सफल वनाउन र कृषकलाई प्रोत्साहित गर्न आवस्यकतानुसार कृषि अनुदान कार्यक्रम संचालन गर्ने ।

(२.४) नगरभित्रको कृषि उपजको बृद्धि गर्नुका साथैआधुनिक कृषि प्रणली अवलम्वन गरि कृषि रोजगारी सृजना गर्ने ।

(२.५) जमिन बाझो राखी जग्गाधनी स्वयं खेती नगरि अन्य व्यक्ति वा फर्मलाई भाडामा उपलब्ध गराउँदा अनुचित माग गरेमा सम्बन्धीत वडा समितिले निर्धारण गरे बमोजिमको भाडा लागु गर्ने व्यवस्था गरिनेछ ।

## परिच्छेद ३

## कृषि योग्य जमिन उपयोग सम्वन्धी व्यवस्था

**३. कृषि योग्य जमिन कृषि कार्यमा प्रयोग गर्नु पर्ने :**

(३.१) विदुर नगर पालिका क्षेत्र भित्र रहेका कृषि योग्य जमिनहरुमा सम्वन्धीत जग्गाधनिले आफै वा करार गरी अन्य कुनै व्यक्ति वा संगठित संस्था मार्फत कृषि कार्य गरी कृषियोग्य जमिनको अनिवार्य रुपमा उपयोग गर्नु पर्ने छ ।

(३.२) नगर पालिका क्षेत्र भित्रका कृषि योग्य जग्गा जमिन उपयोग गर्न सम्वन्धीत किसानहरुलाई नगर पालिका मार्फत सार्वजानिक रुपमा आह्वान गर्ने, जनचेतना जागृत गर्ने, सुचना सम्प्रेषण गर्ने आदी जस्ता कार्यक्रमहरु संचालन गरी स्थानिय वासीहरुलाई जमिन वाझो नराख्ने अभियानको प्रयाप्त सुचना उपलव्ध गराउनु पर्ने छ ।

(३.३) उपदफा २ वमोजिम कृषियोग्य जमिन वाझो नराख्न, कृषि खेती गर्न गराउन पटक पटक आग्रह गर्दा समेत सो को वेवास्ता गरी जग्गा जमिन वाझो राख्ने सम्वन्धीत जग्गाधनिहरुको लगत संकलन गरी निजहरुलाई नगरपालिका समक्ष तिर्नु वुझाउनु पर्ने भुमि कर (सम्पत्ति कर) समेतमा दोव्वर कर निर्धारण गरी असुल उपर गर्न सक्नेछ ।

(३.४) करार अथा भाडामा लिएको जग्गा खेतिपाती कृषि व्यवसाय गरेमा करारमा उल्लेख भएको शर्तबाहेक अन्य किसिमको हकदावी तथा कार्य गर्न पाइने छैन ।

## परिच्छेद ४

## कृषि अनुदान तथा आर्थिक सहायता सम्वन्धी व्यवस्था

४ **कृषि अनुदान तथा आर्थिक सहायताः**

(४.१) विदुर नगरपालिका भित्र कोरोना भाइरसको माहामारीवाट सृजना भएको तथा भविश्यमा सृजना हुन सक्ने आर्थिक एवं खाद्यान्नसंकटबाट स्थानीय वासीन्दाहरुलाई जोगाउन पर्ने भएकोले विदुर नगर पालिका भित्र लामो समयदेखी कृषि योग्य जमिनहरु वाझै रहि उत्पादकत्वमा ह्रास आईरेहेको हुदा सो लामो समय देखि वाझिनगएको जग्गा जमिनहरुमा कृषि उत्पादनहरु वढाउन सो कृषि कार्य गर्ने गराउने कृषकहरुलाई तोकिए वमोजिम मल, विउविजन, कृषि औजार उपकरण, सिंचाई, अनुदान तथा आर्थिक सहायता सहित विमा र कृषि तालिमको व्यवस्था समेत उपलव्ध गराउन सक्नेछ ।

(क) प्रति वर्ष

| कृषि उपजको नाम | विक्रीको आधारमा प्रति के.जी. अनुदान | औजार | रसायनिक मल, भिटामिन तथा विषादीहरु | विउविजन/ बेर्ना |
|---|---|---|---|---|
| अन्नबाली (धान, मकै, गहुँ, कोदो, अन्य) | रु. २।०० | १० रोपनी भन्दा बढी जग्गा प्रयोग गर्ने किसानलाई<br>- ५०% अनुदानमा मिनिटेलर थान एक<br>- किटनासक विषादी छर्ने | १० रोपनी भन्दा बढी जग्गा प्रयोग गर्ने किसानलाई<br>- १ बोरा युरिया मल<br>- १ बोरा डिएपि मल<br>- भिटामिन र सुक्ष्म खाद्य | प्रति रोपनी तिन के.जी. |



विदुर नगरपालिका

| कृषि उपजको नाम | विक्रीको आधारमा प्रति के.जी. अनुदान | औजार | रसायनिक मल, भिटामिन तथा विषादीहरु | विउविजन/ बेर्ना |
|---|---|---|---|---|
| | | स्प्रेयर थान १६ लि. वाला थान १ | तत्व | |
| दलहन<br>(दाल, रहर, मुसुरो, सिमि, भट्टमास, अन्य) | रु. २।०० | १० रोपनी भन्दा बढी जग्गा प्रयोग गर्ने किसानलाई<br>- ५०% अनुदानमा मिनिटेलर थान एक<br>- किटनासक विषादी छर्ने स्प्रेयर थान १६ लि. वाला थान १ | १० रोपनी भन्दा बढी जग्गा प्रयोग गर्ने किसानलाई<br>- १ बोरा युरिया मल<br>- १ बोरा डिएपि मल<br>- भिटामिन र सुक्ष्म खाद्य तत्व | प्रति रोपनी एक के.जी. |
| तेलहन<br>(तोरी, सर्स्यु, आलस, तिल, सूर्यमुखी, अन्य) | रु. ५।०० | - १० रोपनी भन्दा बढी जग्गा प्रयोग गर्ने किसानलाई ५०% अनुदानमा मिनिटेलर थान एक,<br>- किटनासक विषादी छर्ने स्प्रेयर थान १६ लि. वाला थान १ | १० रोपनी भन्दा बढी जग्गा प्रयोग गर्ने किसानलाई<br>- १ बोरा युरिया मल<br>- १ बोरा डिएपि मल<br>- भिटामिन र सुक्ष्म खाद्य तत्व | प्रति रोपनी एक के.जी. |
| तरकारी<br>(क) आलु, बन्दा<br>(ख) काउली, रायो, बोडी, गोलभैंडा, काक्रो<br>(ग) लौका, फर्सि, परबल, करेला, घिरौला, चिचिण्डा, अदुवा, बेसार, प्याज, लसुन<br>(घ) मुलाको चाना, गुन्द्रुक, सुकाएको करेला, सिन्की लयागत सुख्खा | (क) रु. २।००<br>(ख) रु. ५।००<br>(ग) रु. ३।००<br>(घ) रु. २०।०० | - ३ रोपनी भन्दा बढी जग्गा प्रयोग गर्ने किसानलाई ५०% अनुदानमा मिनिटेलर थान एक<br>- किटनासक विषादी छर्ने स्प्रेयर थान १६ लि. वाला थान १ | ३ रोपनी भन्दा बढी जग्गा प्रयोग गर्ने किसानलाई<br>- १ बोरा युरिया मल<br>- १ बोरा डिएपि मल<br>- भिटामिन र सुक्ष्म खाद्य तत्व | नगरपालिकाको कृषि प्राविधिकको सिफारिसको आधारमा |

| कृषि उपजको नाम | विक्रीको आधारमा प्रति के.जी. अनुदान | औजार | रसायनिक मल, भिटामिन तथा विषादीहरु | विउविजन/ बेर्ना |
|---|---|---|---|---|
| गरिएको सागसब्जी) | | | | |
| नगदेबाली (च्याउ, अन्य) | रु. ५।०० | ५ रोपनी भन्दा बढी जग्गा प्रयोग गर्ने<br>- किसानलाई ५०% अनुदानमा मिनिटेलर थान एक<br>- किटनासक विषादी छर्ने स्प्रेयर थान १६ लि. वाला थान १ | ५ रोपनी भन्दा बढी जग्गा प्रयोग गर्ने किसानलाई<br>- १ बोरा युरिया मल<br>- १ बोरा डिएपि मल<br>- भिटामिन र सुक्ष्म खाद्य तत्व | नगरपालिकाको कृषि प्राविधिकको सिफारिसको आधारमा |
| फलफुल (आँप, लिची, केरा, मेवा, सुन्तला, कागती, स्याउ, आरुबखडा, किवी, अन्य) | रु. ०।०० | ५ रोपनी भन्दा बढी जग्गा प्रयोग गर्ने किसानलाई<br>- ५०% अनुदानमा खाल्डो खन्ने मेसिन थान एक<br>- किटनासक विषादी छर्ने स्प्रेयर थान १६ लि. वाला थान १ | ५ रोपनी भन्दा बढी जग्गा प्रयोग गर्ने किसानलाई<br>- १ बोरा युरिया मल<br>- १ बोरा डिएपि मल<br>- भिटामिन र सुक्ष्म खाद्य तत्व | नगरपालिकाको कृषि प्राविधिकको सिफारिसको आधारमा |
| फुलखेती | रु. ५,०००.० प्रति रोपनी | २ रोपनी भन्दा बढी जग्गा प्रयोग गर्ने किसानलाई<br>- ५०% अनुदानमा मिनिटेलर थान एक,<br>- किटनासक विषादी छर्ने स्प्रेयर थान १६ लि. वाला थान १ | २ रोपनी भन्दा बढी जग्गा प्रयोग गर्ने किसानलाई<br>- १ बोरा युरिया मल<br>- १ बोरा डिएपि मल<br>- भिटामिन र सुक्ष्म खाद्य तत्व | नगरपालिकाको कृषि प्राविधिकको सिफारिसको आधारमा |

ख) (१) परिच्छेद ५ (२) बमोजिम गठन भएको समितिले निर्धारण गरेको न्युनतम समर्थन मुल्य अनुसार उक्त कृषि उपजहरुको बजारिकरणको सुनिश्चतता नगरपालिकाले गर्नेछ ।

(२) बजारिकरणको लागि कृषि उपज संकलन केन्द्र वा वडा भित्र मान्यता प्राप्त सहकारी तथा कृषि समूह मार्फत नगरपालिकाले खरिद गरि बजारिकरणको व्यवस्था मिलाउने छ।

ग) माथिको मापदण्ड भन्दा कम क्षेत्रफलमा तरकारीजन्य उत्पादन गर्न चाहने कृषकहरुलाई आवश्यक विउविजन (मिनिकिट) उपलब्ध गराउन सक्नेछ।

घ) नगरपालिकाले तोकेको सहकारी वा संकलन केन्द्रमा कृषकले उत्पादन गरि विक्री वितरण गरिएको अभिलेखको आधारमा मात्र विक्रीको आधारमा उत्पादन लागत अनुदान प्रदान गरिनेछ। माथि उल्लेखित अनुदानहरु वितरण गर्दा परिच्छेद ५ (२) बमोजिम गठित समितिको निर्णयअनुसार मात्र वितरण गरिनेछ।

ङ) नगरपालिकालाई आवश्यक परेको खण्डमा आफैले बाझो जग्गा भाडामा लिई कर्मचारी व्यवस्थापन गरि वा अन्य कृषि गर्न इच्छुक र योग्य व्यक्ति वा फर्मलाई पुनः भाडामा लगाई कृषि जन्य उत्पादनमा सहभागी गराउन सक्नेछ। यस कार्यको लागि नगरपालिकाले तोकेको दररेट अनुसारको भाडा मात्र व्यस्थापन गरिनेछ।

(४.२)उपदफा १ वमोजिम कृषि अनुदान तथा आर्थिक सहायता उपलव्ध गराउदा दुई वर्ष वासो भन्दा वढि समय देखि वाझिन गएको कृषि योग्य जमिनहरुमा कृषिवालि नालीहरु लगाएमा मात्र सो मा संलग्नहुने किसानहरुलाई मात्र उपलव्ध गराईने छ।

(४.३) नगरपालिकाबाट प्रदान गरिने कृषि अनुदान तथा आर्थिक सहायता कार्यक्रम अन्तरगत अनुदान रकम प्राप्त गर्नको लागी सम्वन्धीत व्यक्तिले देहाय बमोजिम कागजातहरु विदुर नगरपालिका समक्ष पेश गर्नुपर्नेछ।

(क) दरखास्त फारम सक्कलप्रति।

(ख) व्यक्तिगत भए नागरीकताको प्रतिलिपि।

(ग) कृषि फर्म वा कम्पनी वा कृषि सहकारी भए सम्वन्धीत संस्थादर्ता प्रमाणपत्रको प्रतिलिपि एवं सम्वन्धीत संस्थाको निर्णयको प्रतिलिपि सहित।

(घ) संस्थागत निवेदकको हकमा आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपि अघिल्लो आ.व.को कर चुक्ता प्रमाण सहित ।

(ङ) सम्वन्धीत कृषिकार्य गरिने जग्गाको ज.ध.द.प्र.पुर्जाको प्रतिलिपि ।

(च) निवेदकले अरुको जग्गामा कृषिकार्य गर्न लागेको हो भने सम्वन्धीत जग्गाधनिसंग गरीएको करारनामाको फोटोकपि

(छ) सम्वन्धीत वडाले कृषि उत्पादनको लागि आवश्यक जग्गाको क्षेत्रफल र कृषि उत्पादनको विवरण यकिन सम्वन्धमा गरेको सिफारिसको सक्कल पत्र ।

(ज) नगरपालिकाको कृषि प्रविधिकको स्थलगत अनुगमनको प्रतिवेदन सहितको सिफारिस पत्र ।

## परिच्छेद ५

## कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था

५. **कृषि व्यवसाय प्रवर्द्धन समितिः** (५.१) कृषि क्षेत्रको समग्र विकास तथा प्रवर्द्धन लगायतका कार्य गर्न नगरपालिकामा एककृषि व्यवसाय प्रवर्द्धन समिति रहनेछ ।

(५.२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोमिजका सदस्यहरु रहने छन् :-

| | | |
|---|---|---|
| (क) | प्रमुख | – अध्यक्ष |
| (ख) | आर्थिक समितिको संयोजक | – सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | – सदस्य |
| (घ) | कार्यपालिका सदस्य एक जना | – सदस्य |
| (ङ) | कृषि ज्ञान केन्द्र, नुवाकोटका प्रमुख/प्रतिनिधि | – सदस्य |
| (च) | प्रमुखले मनोनयन गरेको व्यवसायिक किसानमध्ये एक जना | – सदस्य |
| (छ) | नगरपालिकाको कृषि शाखा प्रमुख | – सदस्य सचिव |

(५.३) समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५.४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५.५) समितिले यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न आवश्यकता अनुसार विभिन्न उप–समितिहरु गठन गर्न सक्नेछ ।

(५.६) समितिको सचिवालय नगरपालिकाको कृषि क्षेत्र हेर्ने शाखा रहनेछ ।

(५.६) **कार्यविधि कार्यान्वयन तथा सहजिकरण उपसमितिः** यस कार्यविधि उल्लेखित उद्देश्य प्राप्त गर्नको लागि तोकिएका कार्यहरु निरन्तर गर्न गराउन र कार्यक्रम सञ्चालन गर्नका लागि तपशिल बमोजिमको कार्यविधि कार्यान्वयन तथा सहजिकरण उपसमिति रहनेछ ।

(क) नगर उपप्रमुख - संयोजक

(ख) संयोजकले मनोनित गरेको कार्यपालिका सदस्य एक जना - सदस्य

(ग) कृषि परियोजनाको अधिकृतस्तर प्रतिनिधि - सदस्य

(घ) संयोजकले मनोनित गरेको कृषि सहकारीको प्रतिनिधि एक जना - सदस्य

(ङ) संयोजकले मानोनित गरेको कृषि विज्ञ एक जना - सदस्य

(च) कृषि शाखा प्रमुख - सदस्य सचिव

(छ) सम्बन्धित वडा अध्यक्ष - पदेन सदस्य

आवश्यकता अनुसार विज्ञ लगायत सम्बन्धीत विषयका किसान एवं प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ । उक्त उपसमितिले यस कार्यविधिको अधिनमा रही स्थलगत निरिक्षण लगायत सम्पुर्ण प्राविधिक पक्षको छानविन गरि परिच्छेद ५ दफा २ अनुसार गठित समितिलाई सहजिकरणको लागि सिफारिस गर्न सक्नेछ ।

६. **समितिको काम, कर्तव्य र अधिकार** : यस कार्यविधिमा अन्यत्र व्यवस्था भएदेखि वाहेक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) स्थानीयस्तरमा कृषि व्यवसाय प्रवर्द्धन गर्न आवश्यक नीति तथायोजना तर्जुमा गर्ने, कृषि व्यवसाय प्रवर्द्धन गर्न, कृषि योग्य जमिन उपयोग तथा कृषि अनुदान कार्यक्रम लागु गर्ने ।

(ख) कृषि योग्य जग्गा जमिनहरुको लगत संकलन गर्ने गराउने ।

(ग) जमिन वाझो नराख्न जनचेतनामुलक कार्यक्रम संचालन गर्ने ।

(घ) कृषि व्यवसाय प्रवर्द्धन गर्न संघीय तथा प्रादेशिक निकायसँग समन्वय र सहकार्य गर्ने,

(ङ) कृषि व्यवसायको प्रवर्द्धन गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने,

(च) कृषि व्यवसायको प्रवर्द्धनगर्ने सम्बन्धमा कार्यक्रम संचालन गर्ने,

(छ) कृषि व्यवसाय प्रवर्द्धन गर्न आवश्यक पर्ने सीप, प्रविधि तथा अन्य आवश्यक विषयको उचित व्यवस्था गर्न प्रवर्द्धनात्मक कार्यहरु गर्ने,

(ज) कृषि व्यवसाय प्रवर्द्धन कोषको सञ्चालन गर्ने,

(झ) स्थानीय कर निकासी शुल्क छुट गर्ने गराउने सम्वन्धमा आवस्यक निर्णय गर्ने ।

(ज) कृषि व्यवसायप्रवर्द्धन सम्बन्धी प्रविधि प्रयोग र विस्तारमा अनुदान जस्तै ढुवानी साधन, यान्त्रिक उपकरण आदि लागु गर्ने ।

(झ) तोकिए बमोजिमको अन्य आवश्यक कार्यगर्ने ।

## परिच्छेद ६

## कोषको स्थापना तथा सञ्चालन

७. **कोषको स्थापना** : (७.१) कृषि व्यवसाय प्रवर्द्धन गर्नका लागि एक छुट्टै कृषि व्यवसाय प्रवर्द्धन कोषको स्थापना गरिनेछ ।

(७.२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त रकम,

(ख) नगरपालिकाबाट प्राप्त रकम,



विदुर नगरपालिका

(ग) नेपाल सरकारबाट विदेशी सरकार, अन्तराष्ट्रिय संघ संस्थासँग सम्झौता गरी स्थानीय तहमा विनियोजित रकम वापत प्राप्त रकम

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(७.३) उपदफा (१) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि संघीय अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

८. **कोषको सञ्चालन** :(८.१) नगरपालिकाको नीति, कानुन तथा निर्देशन बमोजिम कृषि व्यवसायको प्रवर्द्धन गर्नका लागि कोषको रकम खर्च गरिनेछ ।

(८.२) कोषको सचिवालय नगरपालिका अन्तर्गतको कृषि शाखामा रहनेछ ।

९. **कोषको सञ्चालन सम्बन्धी व्यवस्थाः** (९.१)समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च दफा १० बमोजिमको कोषबाट तोकिए बमेजिम व्यहोरिनेछ ।

(९.२) समितिको कोषमा रहेको रकम समितिले प्रचलित कानून बमोजिम कुनै बैंकमा खाता खोली जम्मा गर्नेछ ।

(९.३) समितिको कोषको सञ्चालन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(९.४) कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०. **लेखा र लेखापरीक्षण** (१०.१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(१०.२) कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेद ७

## बिबिध

**११. निरीक्षण, अनुगमन तथा मुल्यांकन प्रतिवेदन :**

(११.१) सम्वन्धीत कृषकको निवेदन माग अनुसारका कार्य भएन नभएका सम्बन्धमा नगरपालिका अनुदान विषय सम्बन्धीत शाखा वा पदाधिकारीबाट निरिक्षण वा अनुगमन हुनेछ ।

(११.२) यसरी निरीक्षण, अनुगमन तथा मूल्याँकन गर्ने पदाधिकारी वा कर्मचारीले मूल्यांकन प्रतिवेदन अनिवार्य पेश गर्नुपर्नेछ ।

**१२. कारबाही तथा असूल उपर :**

यस कार्यविधि विपरीत आर्थिक अनुदान तथा सहयोग वितरण गरिएमा, त्यस्ता आदेश दिने, आदेश दिन सिफारीस तथा सहयोग गर्ने र भुक्तानी गर्ने कर्मचारी तथा पदाधिकारी बाट असूलउपर गरिनेछ ।

प्रमाणिकरण मितिः २०७७।०१।१८ गते

आज्ञाले
सुदेव कुमार पोखरेल
प्रमुख प्रशासकीय अधिकृत
विदुर नगरपालिका कार्यालय

विदुर नगरपालिका